पूर्वाञ्चल विश्वविद्यालय
परीक्षा व्यवस्थापन कार्यालय
विराटनगर

## सेमेस्टर तथा वार्षिक परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातक, स्नातकोत्तर, एम.फिल. एवं पीएच.डी. तहका विभिन्न शैक्षिक कार्यक्रमहरूको रजिस्ट्रेशन फर्म भर्ने भराउने सम्बन्धी निर्देशिका

(१) (क) यस विश्वविद्यालयका आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पस/कलेज अन्तर्गत सेमेस्टर तथा वार्षिक परीक्षा प्रणाली अनुसार स्नातक, स्नातकोत्तर, एम.फिल. एवं पीएच.डी. तहका विभिन्न शैक्षिक कार्यक्रम(हरू)मा प्रथम सेमेस्टर/वर्षमा नियमानुसार सम्पूर्ण प्रक्रिया पूरा गरी नयाँ भर्ना हुन चाहने विद्यार्थी(हरू)को नाम-दर्ता (Registration) का लागि सम्बन्धित विद्यार्थी(हरू)बाट तोकिएको रजिस्ट्रेशन फर्ममा मागिए जति आवश्यक सम्पूर्ण विवरण स्पष्ट अक्षरमा भरी भराइ क्याम्पस/कलेजबाट वा नेपाल सरकारबाट मान्यता प्राप्त अन्य आधिकारिक निकायबाट प्रमाणित अघिल्ला तहका तोकिएका शैक्षिक तथा आवश्यक अन्य सम्पूर्ण सक्कल तथा प्रतिलिपि प्रमाणपत्रहरू संलग्न गरी नियमानुसार जम्मा हुन आएको शुल्कको सक्कल बैंक भौचरसाथ रजिस्ट्रेशन फर्म(हरू) यस कार्यालयबाट अनलाइन सूचना मार्फत् तोकिएको मिति भित्र वा यस विश्वविद्यालयबाट अधिकार प्राप्त अन्य निकायबाट तोकिएको मिति भित्र सम्बन्धित क्याम्पस/कलेजका आधिकारिक प्रतिनिधि स्वयं यस कार्यालयमा आई बुझाउनु पर्नेछ ।

सो बाहेक अन्य कुनै पनि स्रोतबाट प्राप्त रजिस्ट्रेशन फर्म(हरू) स्वीकार गरिने छैन ।

तर आवश्यकता अनुसार छुट्टै सूचनाद्वारा रजिस्ट्रेशन फर्म बुझाउने स्थान तथा स्रोत तोक्न सकिनेछ ।

साथै, यस कार्यालयद्वारा तोकिएको Online website: mycollege.midas.com.np मार्फत क्याम्पस/कलेजलाई उपलब्ध गराइएको User Name तथा Password बाट Login गरी भर्ना हुन आएका सम्पूर्ण विद्यार्थी(हरू)को नाम तथा तोकिएका आवश्यक सम्पूर्ण विवरणहरू अनलाइन सूचना मार्फत् तोकिएको मितिभित्र भर्नु भराउनु समेत पर्नेछ ।

Online मार्फत नाम तथा विवरण नभरेका विद्यार्थी(हरू)को रजिस्ट्रेशन फर्म स्वीकार गरिने छैन तथा Online मार्फत नाम तथा विवरण भरेका तर तोकिएका आवश्यक प्रमाणपत्र सहित रजिस्ट्रेशन फर्म प्राप्त नभएका विद्यार्थीहरू समेत नाम-दर्ता (Registration) का लागि योग्य हुने छैनन् ।

(ख) तोकिएको समय भित्र रजिस्ट्रेशन फर्म भर्न भराउन छुट भएका विद्यार्थी(हरू)लाई नियमानुसार लाग्ने शुल्कको दोब्बर विलम्ब शुल्क सहित उपरोक्त (१) (क) अनुसार यस कार्यालयबाट अनलाइन सूचना मार्फत् तोकिएको मितिबाट वा यस विश्वविद्यालयबाट अधिकार प्राप्त अन्य निकायबाट तोकिएको मितिबाट ७ (सात) दिन भित्र रजिस्ट्रेशन फर्म भरी भराई जम्मा हुन आएको रकमको बैंक भौचरसाथ उक्त रजिस्ट्रेशन फर्म(हरू) सम्बन्धित क्याम्पस/कलेजका आधिकारिक प्रतिनिधि यस कार्यालयमा वा तोकिएको स्थानमा आई बुझाउनु पर्नेछ ।

पुनश्चः माथि नं. (१) को (क) तथा (ख) अनुसार यस कार्यालयमा बुझाइएका रजिस्ट्रेशन फर्म(हरू) मार्फत् अध्ययनार्थ भर्ना हुन चाहने विद्यार्थी(हरू)का सन्दर्भमा यसै निर्देशिकाको नं. (१) को (ग), (घ), (ङ) तथा